# धनगढी उप-महानगरपालिका
# धनगढी पोलिटेक्निक इन्ष्टिटच्यूट
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
स्थापना - २०७६

प. स.०७९।०८० मितिः २०७९।०५।१३
च. नं. ९२

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
धनगढी उप-महानगरपालिका, कैलाली।

बिषयः प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना सबै वडा कार्यलयमा पठाई दिने बारे।

प्रस्तुत बिषयमा धनगढी उप-महानगरपालिका, धनगढी, कैलालीद्वारा सञ्चालित यस धनगढी पोलिटेक्निक ईन्ष्टिच्युट, कैलालीलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परीषद, तालीम विकास महाशाखाको समन्वयमा शैक्षिक सत्र २०७९।०८० मा निःशुल्क सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि pri-diploma in hotel management मा जम्मा स्वीकृत कोटा ४० (चालिस) मा प्रवेश परीक्षा लिई भर्नाका लागी परिषद कार्यालयबाट अनुमति प्राप्त भएकोले तपशिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट आबेदन फाराम भर्न भराउन हुन जानकारी गराईन्छ।

निर्देशकः
सूर्य बहादुर कार्की

तपशिलः

१- आवस्यक शैक्षिक योग्यता

- SLC वा सो सरहको परीक्षा उत्तिर्ण वा SEE परीक्षामा न्युनतम् E ग्रेड प्राप्त गरेको।

२- परीक्षार्थी छनौटका आधारः

योग्य र ईच्छुक आवेदकहरु मध्येबाट आवेदक फाराम मूल्यांकन (२० पूर्णांक), उद्योग/व्यावसायको सिफारिस पत्र (२० पूर्णाक), लिखित प्रवेश परीक्षा (३० पूर्णांक) र अन्तर्वाता (३० पूर्णांक) वाफत प्राप्तांकको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यताक्रम अनुसार छनौट हुने व्यहोरा अनुरोध छ।

३- आवेदन फारामसाथ पेश गर्नु पर्ने कागजपत्रहरुः

- हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगिन फोटो।
- SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- अन्य मुलुकबाट SLC/SEE उत्तिर्णको हकमा समकक्षताको प्रमाणपत्र।

४- छनौट प्रकृया सम्बन्धी कार्यक्रमः

- आवेदन फाराम पाउने र बुझाउने स्थानः धनगढी पोलिटेक्निक ईन्ष्टिच्युट, धनगढी ६, जाली वा www.ctevtexam.org.np वा www.enssure.org.np बाट download गरी निःशुल्क भरिनेछ।
- आवेदन फाराम बूझाउने अन्तिम मितिः २०७९।०५।२१ गते
- लिखित प्रवेश परीक्षा हुने मिति र समयः २०७९।०५।२५ गते, शनिबार ११:०० बजे।
- लिखित प्रवेश परीक्षा सञ्चालन हुने स्थानः धनगढी पोलिटेक्निक ईन्ष्टिच्युट, धनगढी ६, जाली।
- अन्तर्वाता हुने मिति र समयः २०७९।०५।२५ गते, शनिबार १:०० बजेदेखि शुरु हुने।
- अन्तर्वाता सञ्चालन हुने केन्द्रः धनगढी पोलिटेक्निक ईन्ष्टिच्युट, धनगढी ६, जाली ।

५- औद्योगिक प्रशिक्षार्थीले पाउने शुविधाः

- निःशुल्क अध्ययनको अवसर
- खाजा/ यातायात खर्चवाफत् प्रति प्रशिक्षार्थि प्रति हाजिरी दिन रु. ७५।देखि १००। सम्म उपलब्ध हुने।

बोधार्थः

श्री सञ्चार तथा सूचना प्रविधि शाखा, धनगढी उप-महानगरपालिका, धनगढी, कैलालीः वेबसाईटमा अपलोड गरी दिन हुन।

नोटः यो सूचना www.ctevtexam.org.np वा www.enssure.org.np मा पनि हेर्न सकिनेछ।